# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४०) काठमाडौं, चैत २९ गते २०४७ साल (अतिरिक्ताङ्क ६७

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्बसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "सार्वजनिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०४७" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३ मा संशोधनः सार्वजनिक सुरक्षा ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को उप-दफा ३.२ पछि देहायको उपदफा ३.३ थपिएकोछः–

"३.३ कुनै व्यक्तिलाई नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्र-सँगको सुसम्बन्ध वा विभिन्न वर्ग वा क्षेत्रका जनताको बीचको सुसम्बन्धमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कुरा गर्नबाट रोक्नको लागि श्री ५ को सरकार, गृह मन्त्रालयले त्यस्ता व्यक्तिलाई श्री ५ को सरकारको स्वीकृति विना नेपाल अधिराज्य बाहिर जान नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा ४.१ को सट्टा देहायको उपदफा ४.१ राखिएकोछः–

"४.१ उप-दफा ३.२ अन्तर्गत स्थानीय अधिकारी वा उप-दफा ३.३ अन्तर्गत श्री ५ को सरकार, गृह मन्त्रालयले आदेश जारी गर्दा त्यस्तो आदेश जारी गर्नु पर्नाको कारण र आधार खुलाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उप-दफा ५.२ को सट्टा देहायको उप-दफा ५.२ राखिएकोछः–

"५.२ उप-दफा ५.१ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा नजरबन्दको आदेशको अवधि देहायबमोजिम हुनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.२.१ यस ऐन बमोजिम नजरबन्द रहेको कुनै व्यक्तिलाई नब्बे दिन भन्दा बढी अवधिको लागि नजरबन्द राख्न आवश्यक देखिएमा त्यसको कारण र आधार सहित स्थानीय अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । श्री ५ को सरकार, गृह मन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले छ महीना सम्म कायम रहनेछ ।

५.२.२ यस ऐन बमोजिम नजरबन्दमा रहेको कुनै व्यक्तिलाई छ महीना भन्दा बढी अवधिको लागि नजरबन्द राख्नु पर्ने देखिएमा श्री ५ को सरकार, गृह मन्त्रालयले दफा ७ बमोजिमको सल्लाहकार समितिसँग राय लिनेछ । सल्लाहकार समितिले नजरबन्दको अवधि बढाउन उचित छ भनी राय दिएमा नजरबन्दको आदेशको अवधि त्यस्तो आदेश जारी भएको मितिले बाह्र महीनासम्म कायम रहनेछ ।"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उप-दफा ६.२ को सट्टा देहायको उप-दफा ६.२ राखिएकोछः–

"६.२ उप-दफा ६.१ मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम जारी गरिएको स्थानहदको आदेश तीस दिनभन्दा बढी अवधिको लागि कायम राख्न आवश्यक देखिएमा त्यसको कारण र आधार सहित स्थानीय अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । श्री ५ को सरकार, गृह मन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले नब्बे दिनसम्म कायम रहनेछ ।"

६. मूल ऐनमा दफा ६क. थपः मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएकोछः–

"६क. नेपालअधिराज्य बाहिर जान नपाउने आदेश लागू रहने अवधिः कुनै व्यक्तिको सम्बन्धमा उप-दफा ३.३ बमोजिम नेपाल अधिराज्य बाहिर जान नपाउने गरी जारी गरिएको आदेश अगावै खारेज गरिएमा बाहेक सो आदेश जारी गरिएको मितिले छ महीनासम्म कायम रहनेछ ।"

७. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उप-दफा ८.१ मा रहेका "नौ महीना" भन्ने शब्दहरूको सट्टा "छ महीना" भन्ने शब्दहरू राखिएका छन् ।



८५९ ६६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को उप-दफा ९.२ मा रहेका "र स्थानहदको आदेशलाई" भन्ने शब्दहरूको सट्टा "स्थानहदको आदेश र नेपाल अधिराज्य बाहिर जान नपाउने आदेशलाई" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को उप-दफा १०.१ मा रहेका "स्थानीय अधिकारीले" भन्ने शब्दहरू पछि "र उप-दफा ३.३ बमोजिमको आदेशको बर्खिलाप गर्ने व्यक्तिलाई श्री ५ को सरकार, गृह मन्त्रालयले" भन्ने शब्दहरू थपिएका छन् ।

१०. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ मा रहेका "उपदफा ३.२" भन्ने शब्दहरूको सट्टा "यस ऐन" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०४७।१२।२६।६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।